# ‘हाम्रा बुद्धिजीवी मझौला खालका, वाणी–विलासी नागरक हुन्’- कुराकानी

ekantipur.com/Interview/2021/03/26/161676505485192602.html

नेपाली इतिहासका प्रामाणिक व्याख्यातामध्ये एक महेशराज पन्त (७६) को दृष्टिमा नेपाली बुद्धिजीवीहरू ‘नागरक’ हुन्। ‘नागरक’ को अर्थ हुन्छ– कुनै खतरा नमोली भलाद्मी पाराले जीवन बिताउने शिक्षित मान्छे (पन्तका अनुसार)। इतिहास, संस्कृति, भाषा, व्याकरण, साहित्यलगायत विविध क्षेत्रमा कलम चलाउँदै आएका उनी संस्कृत वाङ्मयको अध्ययन–अनुसन्धानमा गहिरो अभिरुचि राख्छन्।

ऐतिहासिक तथ्य र प्रसंगहरूका लागि उनी स्वयं सन्दर्भ–ग्रन्थजस्ता छन्। पुराना दस्ताबेज र पुस्तकले घेरिएर बस्नु, ज्ञान उत्पादनमा सक्रिय हुनु र नयाँ पुस्ताका शोधार्थीहरूलाई मार्गदर्शन गर्नु उनको दैनिकी बन्दै आएको छ। संशोधन–मण्डलबाट शिक्षा प्राप्त गरी जर्मनीको ह्याम्बर्ग विश्वविद्यालयबाट पीएचडी गरेका उनका थुप्रै कृति प्रकाशित छन्। एक महिनायता मात्रै पन्तका दुई किताब प्रकाशित भएका छन्– ‘नेपाली इतिहासको परिवेश’ र ‘हनूमान्ढोकादरबार मनमोहनचोकको दलानको शिलापट्ट र त्यहाँका शिलामूर्ति’। यिनै पुस्तक र नेपालको इतिहास अध्ययनका विविध पक्षबारे ***महेशराज पन्त***सँग ***दीपक सापकोटा***ले गरेको संवाद :

**भन्नेहरू भन्छन्– तपाईंका पुराना किताब, शोधलेखहरू शास्त्रीय ढाँचाका हुन्छन्, हत्तपत्त बुझ्न नसकिने। खासमा तपाईंको लेखाइ नै क्लिष्ट हो कि पाठकको साक्षरता स्तर नबढेको हो? नढाँटीकन भन्नुस् न!**

मेरा कृति बुझ्न गाह्रो हुन्छ, शब्द कठिन हुन्छ र म साह्रै क्लिष्ट लेख्छु भनी तपाईंले भन्नुभयो। यस विषयमा मलाई खुलाएर नढाँटीकन बोल्ने अनुमति दिनुहोस्। मैले लेखेको कठिनजस्तो देखिएको लेखाइ र शब्द दुवै कठिन भएर होइन, पाठकको बुझाइको तह निकै कमजोर भएकाले हो जस्तो मलाई लाग्छ। म जति सजिलोसँग लेख्ने मान्छे थोरै नै होलान्। हो, मेरा लेखमा खास–खास शब्द ठाडै अंग्रेजीको उल्था नभई प्राचीन परम्पराको हुन्छ। जस्तो, तपाईंहरू ‘जनशक्ति’ भन्नुहुन्छ, म त्यसको सट्टा ‘पुरुषसम्पद्’ भन्छु। लेखमा पहिलोपल्ट ‘पुरुषसम्पद्’ आउँदा त्यो बुझ्न गाह्रो नहोओस् भनी अर्थात् ‘जनशक्ति’ भनेर पनि दिइहाल्छु। अरूको लेख सजिलोजस्तो देखिनु र मेरो लेख कठिनजस्तो देखिनुको अर्को कारण, अरूहरू अहिले लेखाइमा चलेका संस्कृत शब्द भरमार हाल्छन्, म सकेसम्म त्यसबाट पन्सिन खोज्छु। यसै प्रसंगमा भन्नुपर्ने कुरा अर्को के छ भने, त्यति प्रचारमा नआएको विषय आफ्नो लेखमा हाल्दा म अखबारी लेखमा पनि प्रमाण खुलाउँछु। त्यसले गर्दा पनि सर्र लेखपढ्न बाधा पर्ने हुनाले सामान्य पाठक त्यस्तो लेखमा रुचि देखाउँदैनन्।

**भर्खरै तपाईंको ‘हनूमान्ढोकादरबार मनमोहनचोकको दलानको शिलापट्ट र त्यहाँका शिलामूर्ति’ किताब हनुमानढोकामै विमोचन भयो। तर, पहिलेका विमोचनमा जस्तै यसपालि पनि तपाईं आफैं त्यहाँ उपस्थित हुनुभएन। यो कस्तो मोहभंग हो?**

तपाईंले सुन्नुभएको यो कुरा साँचो हो। म यस्तो तडकभडकमा विश्वास गर्दिनँ। कुनै–कुनै पुस्तकको लोकार्पणमा कस्तोसम्म हुन्छ भने लोकार्पण गर्न आएका प्रमुख अतिथिलाई नै पुस्तकको विषयवस्तुसम्म थाहा हुँदैन र उनले त्यस पुस्तकको विषयमा हाँसो उठ्दो ढंगले बोलिदिन्छन्।

**‘नेपाली इतिहासको परिवेश’ किताबमा आएका पात्रहरूमाथि कसरी शोध गर्नुभयो? यसमा के–कस्ता नौला तथ्य छन्?**

मेरो नयाँ पुस्तक ‘नेपाली इतिहासको परिवेश’ मा छापिएका लेख साँच्चै भन्ने हो भने बौद्धिक इतिहासका विभिन्न कडी हुन्। त्यसैको परिणाम १३ जना नेपाली ऐतिहासिक अर्थात् आजभोलिको भाषामा इतिहासकार र मसीजीवीको तथा नेपालको इतिहास किंवा पुराविद्याको विषयमा काम गर्ने ७ जना विदेशी विद्वान्का व्यक्तित्व र कृतित्वको विषयमा यस पुस्तकमा लेखिएका छन्। बौद्धिक इतिहासको कडीअन्तर्गत नै महाराष्ट्रका रामचन्द्र पन्त अमात्यको ‘आज्ञापत्र’, पृथ्वीनारायण शाहको ‘उपदेश’ र रंगनाथ पौडयालको ‘राजविधानसार’ को तुलना यहाँ गरिएको छ। गढवाली, गोरखाली र अंग्रेजको

शासन भोगेका, गढवालको इतिहासका नामुद काव्यकार/चित्रकार मौलारामसम्बन्धी लेख यहाँ गाभिएको छ । गोरखाली साम्राज्यले विसं. १८७१–७२ को लडाइँमा अंग्रेजसँग हारेपछि चेत खुलेका भीमसेन थापाले अखिल भारतवर्ष र भारतवर्षभन्दा बाहिर बर्मा अर्थात् म्यान्मारसँग अंग्रेजको विरोधमा एकता गर्न खोजेका थिए, त्यही नीतिअनुसार वाणीनिधि नाउँका एक जना नेपाली पण्डितले भारतवर्ष र त्यहाँभन्दा पनि बाहिर फैलाउन भनी प्राञ्जल संस्कृतमा अंग्रेजको विरोधमा लेखेको उत्तेजक लघुकाव्यको विवेचना पनि यहाँ छ ।

मैले पाएको मूल शिक्षामध्ये एक नेपालको इतिहास भएकोले मैले यस पुस्तकमा जजसको विषयमा लेखेँ, तिनीहरूको विषयमा विद्यार्थी अवस्थामै मोटामोटी थाहा पाइसकेको थिएँ । पछि ती लेखकको पाइएसम्मका कृतिको र तिनीहरूको विषयमा लेखिएका कृतिको खोजी गर्दै, संग्रह गर्दै, पढ्दै गएँ। यसबाट मेरो हृदयमा तिनीहरूको विषयमा एउटा खाका बन्यो। त्यही खाकाले लेखको रूप लियो। नेपालको इतिहासको पुराविद्याको सन्दर्भमा ती विद्वान्हरूको विषयमा यसरी नलेखिएकोले नै नेपालको 'हिस्टोरिओग्राफी' अर्थात् 'इतिहासको पनि इतिहास' को परिशीलन गर्नको लागि यस पुस्तकले मार्गदर्शन गर्ला भन्ने उमेद राखेको छु ।



*फाइल तस्बिर*

**अहिले प्राज्ञिक इतिहासभन्दा पनि प्रचलित इतिहासमा रुचि बढ्दो छ। इतिहास अध्ययनमा के यो सुखद संकेत हो ?**

इतिहासको खोजीका लागि तात्कालिक सामग्रीमा गहिरो पैठ चाहिन्छ। त्यस्ता सामग्री केलाउन ती–ती कालमा चलेका थरीथरीका विद्यामा प्रावीण्य चाहिन्छ। त्यस्ता विषयका जानिफकारहरूको डफ्फाले खोजी गरी लेखेका सयौँ लेखका आधारमा एकेडेमिक हिस्ट्री लेखिन्छ। अनि एकेडेमिक हिस्ट्रीका आधारमा अर्कोले पपुलर हिस्ट्री लेख्छ। नेपालको हकमा एकेडेमिक हिस्ट्रीको एउटा सानो नमुना ह्रिषकेश शाहको 'एन्सन्ट एन्ड मेडिइभल नेपाल' (३ संस्करण, रत्नपुस्तक भण्डार, काठमाडौं, सन् १९९२) मा पाइन्छ। पपुलर हिस्ट्रीचाहिँ इतिहासको विविध पक्षमा लेखिएका एकेडेमिक हिस्ट्रीको मन्थनबाट निस्कन्छ। अहिले हामीसँग भरपर्दो एकेडेमिक हिस्ट्री खास नभएकाले पपुलर हिस्ट्री पनि दह्रो रूपमा आउन

सकेको छैन। अन्वेषणात्मक लेखहरूमा आएका कुरा पहिले एकेडेमिक हिस्ट्रीमा आउनुप्र्यो, त्यसरी लेखिएको इतिहासको पढाइ तलदेखि माथिसम्म चल्नुप्र्यो । त्यसपछि मात्र पपुलर हिस्ट्री विश्वसनीय ढंगमा आउन सक्छ। मुख्य कुरा त, विश्वविद्यालयमा उपाधिका लागि गरिने अनुसन्धान नै प्रामाणिक छैन भने एकेडेमिक वा पपुलर हिस्ट्रीको भविष्य त्यति राम्रो छैन भन्ने मलाई लाग्छ।

**तपाईंहरू संशोधन–मण्डलमार्फत अन्यत्रका गल्ती औँल्याउँदै प्रमाणसहित तिनलाई संशोधन गरिदिनुहुन्छ। तर, तपाईंहरूकै ‘प्रमाण’ चाहिँ कत्तिको सन्देहमुक्त छन्?**

संशोधन–मण्डलले पेस गरेका प्रमाण कहिलेकहीँ अन्तिम वाक्य नहुन पनि सक्छन्। खोजी गर्दै जाँदा सत्य मानिइरहेको एउटा कुरा नयाँ प्रमाणबाट अतथ्य हुन गएका पनि उदाहरण छन्। हामीले भनेकै सोह्रै आना ठीक हो भन्ने ढिपी हामीले कहिल्यै लिएका छैनौँ, गंगाधर शास्त्रीको ‘तद् गृहणीमो यत् परीक्षोपपन्नम्’ अर्थात् ‘हामी त्यही लिन्छौँ, जुन परीक्षाद्वारा सत्य ठहर्छ’ भन्ने हाम्रो आदर्श वाक्य हो। हाम्रो प्रमाणमा सन्देह गर्ने अधिकार सबैलाई खुला छ, हामीले भनेको कुरालाई धोइपखाली गरेर मात्र सकार्नुपर्छ भन्ने हाम्रो आग्रह छ, त्यसैबाट नै विद्याको अभिवृद्धि हुन्छ।

**तपाईंले जर्मनीको हयाम्बर्ग विश्वविद्यालयबाट जातरूपको अमरकोशबारे पीएचडी गर्नुभयो। दिल्लीबाट, ‘जातरूप्ज कमेन्ट्री अन द अमरकोश’ भन्ने किताब पनि छापियो। त्यो किताब नेपाली भाषामा चाहिँ किन आएन?**

तपाईंले अहिले जुन प्रश्न गर्नुभयो, अहिले भन्दा झन्डै १९ वर्षअगाडि त्यस्तै कुरा मेरो त्यही किताबको विषयमा प्रसंगवश हेमराज ज्ञवालीले लेख्नुभएको थियो । मेरो त्यो पुस्तक संस्कृतको प्राचीनतम कोष ‘अमरकोष’ को जातरूपले लेखेको टीकाको सम्पादन हो। त्यस टीकाको सन्दर्भ केही प्राचीन पुस्तकमा आएको भए पनि त्यो हराइसकेको थियो। नेपाल–जर्मन हस्तलिखित ग्रन्थ संरक्षण–परियोजनामार्फत विसं. २०३२ मा केशर पुस्तकालयमा रहेका लेखोटको सूचीपत्र बनाउँदै जाँदा मैले त्यहाँ त्यो देखेँ। नेपालमा राजा शिवदेवको पालामा नेसं. २३९ तदनुसार विसं. ११७६ मा ताडपत्रमा सारिएको पुस्तक त्यो थियो। परिशीलन गर्दै जाँदा त्यो टीका पाइएसम्ममा ‘अमरकोष’ को सबभन्दा पुरानो टीका भन्ने सिद्ध भयो। यही टीकामा मैले आफूलाई ११ वर्ष खपाएँ र मेरो पुस्तक तयार भयो।

पन्ध्रौं शताब्दीमा युरोपमा भएको विद्यासम्बन्धी पुनर्जागरणबाट प्राचीन विद्याको परिशीलन गर्ने जुन पद्धति त्यहाँ बस्यो, त्यहीअनुसार मैले पनि जातरूपको टीकाको सम्पादन गरेको हुँ। त्यस्तो पद्धतिलाई अंग्रेजीमा ‘टेक्स्टयुअल क्रिटिसिज्म’ भन्ने चलन छ। त्यसलाई हाम्रो भाषामा ‘मूलपाठको परीक्षा’ भन्न सकिन्छ। राजगुरु हेमराज पण्डितले ‘काश्यपसंहिता’ को प्रकाशन विसं. १९९५ मा गरेपछि प्रजातन्त्रोत्तरकालमा ग्रन्थ–सम्पादनको लर्को चल्यो तापनि ‘टेक्स्टयुअल क्रिटिसिज्म’ को उपयोग त्यति साह्रो यतातिरबाट छापिएका पुस्तकमा भएको छैन।

मैले जातरूपको टीकाको सम्पादनमा त्यसको उपयोग गर्ने कोसिस गरेको छु। संस्कृत विश्वविद्यालयले पीएचडीको उपाधि दिन थालेपछि केही शोधार्थीले ग्रन्थ–सम्पादन गरी पीएचडीलिई पनि सकेका छन्। ग्रन्थ–सम्पादन भनेको खाली कुनै लेखोटका १ भन्दा बढी पुस्तक पाइएमा पहिलोमा यस्तो लेखिएको छ, दोस्रोमा यस्तो छ भनी पादटिप्पणीमा खुलाउनु मात्र होइन, ग्रन्थकारको मूल पाठ कुन थियो, पछि कसरी पाठ संशोधन भयो, कहाँ कहाँ अशुद्धि भयो इत्यादि कुरा पत्ता लाउनु पनि हो।

नेपाल खाल्डोको समशीतोष्ण हावा–पानीले गर्दा भारतवर्षका अरू भागमा नपाइने प्राचीनतम् लेखोट पुस्तक हामीकहाँ पाइन्छन् । त्यही हावा–पानीले गर्दा भारतवर्षका अरू खण्डमा लोप भइसकेका पुस्तक हामीकहाँ जोगिएर रहेका छन्। नेपालमा भेट्टाइएका त्यस्ता ग्रन्थको सम्पादन विश्वभरिका संस्कृतज्ञले गर्दै आएका छन्। मैले सम्पादन गरेको जातरूपको टीका पनि त्यसैको एउटा कडी हो। त्यस्ता पुस्तक संस्कृत विद्याका भएकाले संस्कृत विश्वविद्यालयमा शोधकार्य चलाउन सन्दर्भ–ग्रन्थ हुने हुनाले मलाई बरु जातरूपको टीकाको मेरो उपोद्घातको उल्था संस्कृतमा गर्नु उपयुक्त होलाजस्तो लाग्छ।

# नेपाली इतिहासको परिवेश

## केही ऐतिहासिक र मसीजीवी

महेशराज पन्त

**नेपालको ऐतिहासिक अध्ययन र खोजलाई अतुलनीय उचाइमा पुर्‍याएको संशोधन मण्डल पहिलेको रफ्तारमा देखिँदैन । अब के 'कुनै बेला संशोधन मण्डल भन्ने संस्था पनि थियो है' भन्नुपर्ने अवस्था आउन लागेको हो ?**

संशोधन–मण्डलले थालेको कामलाई मैले यथावद् नैरन्तर्य दिन नसकेको साँचो हो । तर, त्यसको केही अंश अहिलेसम्म मैले चलाइराखेको पनि त्यत्तिकै साँचो हो । संशोधन–मण्डलको स्थापना नेपालमा विद्याको विषयमा क्रान्ति गर्न भएको हो । संशोधन–मण्डलको काम पूरै सफल भएको भए नेपालको शिक्षाको मानचित्र नै फरक हुन्थ्यो । विविध विषयमा निष्णात विद्वान् निस्कून् भनेर त्यो प्रयत्न गरिएको थियो । तर, देश–काल, परिस्थितिले गर्दा त्यसरी काम गर्न सकिएन । संशोधन–मण्डलको पाठशाला त नयराज पन्त परलोक हुनुभन्दा ३० वर्षअगाडि नै सुकिसकेको थियो । त्यसबेलादेखि नै कुनै नयाँ विद्यार्थीको उत्पादन ठप्प भइसकेको थियो । एक जनाको प्रयासमा आफ्ना पछि लागेका केही मानिसको सहयोगमा कमसेकम नेपालको इतिहासको खोजीले निकै लामो फड्को मार्‍यो । त्यो कुरा संशोधन–मण्डलका कृति छापिनुभन्दा अगाडिको इतिहासका पाठयपुस्तकसँग अहिलेका पाठयपुस्तक दाँजेर हेरे मात्र पनि स्पष्ट हुन्छ । त्यसको श्रेय संशोधन–मण्डलका संस्थापक नयराज पन्त र उनका शिष्य–प्रशिष्यलाई पूरापूर जान्छ ।

त्रिभुवन–विश्वविद्यालय खुलेको ६१ वर्ष नाघिसक्यो, त्यहाँ प्राचीन इतिहासको पढाइ हुन थालेको पनि त्यत्ति नै वर्ष भयो । त्यो पढाइ पढी सयौँ विद्यार्थी उत्तीर्ण पनि भइसके । तर, अपशोच साथ भन्नुपर्छ, त्यस पढाइबाट एक जना पनि प्रामाणिक ढंगले प्राचीन अभिलेख पढ्न सक्ने वा प्राचीन मूर्तिको व्याख्या गर्न सक्ने मानिस जन्मेको छैन । संशोधन–मण्डलकै पढाइको केही अंश त्यहाँ चलाइदिएको भए यो अवस्था आउने थिएन ।

संशोधन–मण्डल क्षीण भयो, यो साँचो हो । तर, त्यसमा मलजल दिने काम कहिल्यै कतैबाट भएन । त्यसलाई निमोठ्ने वा बेवास्ता गर्ने काम नै भएर गयो । यसो भए पनि रोमका लुछयाह्नो पेतेक र रेन्यरो न्योलिका लेखाइभन्दा काठमाडौंका धनवज्र वज्राचार्य र भोजपुरका ज्ञानमणि नेपालको लेखाइ प्रामाणिक हुन्छ भन्ने जनविश्वास भित्र–बाहिर बढयो । यस कुराको पुष्टिका लागि विदेशबाट छापिने किताबमा हाम्रो सन्दर्भ के कति आउँछ, त्यति मात्र हेरे पनि पुग्छ । यताबाट कमसेकम नेपालको इतिहासको क्षेत्रमा पश्चिमको गुरुकिल्ली हटेको छ । बिनाराज्यको वा अरू कसैको लगानीमा मासंगल्लीमा सुकुलमा पलेंटी मारेर बसी पढेका मान्छे नै बढी प्रामाणिक विद्वान्‌मा गनिएका छन् । यो राष्ट्र गौरवको दृष्टिले चानचुने कुरा होइन । शासकले यो अनुभूति पहिले पनि कहिल्यै गरेन, अहिले पनि गरेको छैन । त्यसमा मलाई अपशोच पनि छैन, किनकि यास्कले भनेका छन्– 'नायं स्थाणोरपराधो यदन्धो न पश्यति' अर्थात् 'रूखको ठुटोको गल्ती यो होइन, जुन अन्धोले देख्दैन' ।

अहिले नेपाल प्रज्ञा–प्रतिष्ठान आफूले पहिले पहिले छापेको कृतिमध्ये केहीको पुनर्मुद्रण गर्दै छ, बजारमा नपाइने भइसकेका त्यस्ता पुस्तकको पुनर्मुद्रण हुनु राम्रो कुरा हो, तर पुनर्मुद्रण भएका धेरैजसो पुस्तक पुनर्मुद्रणका लागि होइन, पुनर्लेखनका लागि पठाउनुपर्नेजस्तो मलाई लाग्छ । त्यहाँका अधिकारीहरू पनि के गरून्, लोकलाई काम त देखाउनैपर्‍यो । प्रज्ञा–प्रतिष्ठानका कुलपति नै ठोस काम गर्ने योग्यता नभएर हो कि इच्छा नभएर हो, विदेशी दूतावासलाई रिझाउने काममा लागेका छन् । उनले प्रज्ञा–प्रतिष्ठानमार्फत आफैं लागिपरी शेख मुजिबुर रहमानको आत्मकथा छापे । बंगलादेशी साहित्य नै छाप्नु छ भने त्यहाँका कवि–लेखकका कृति छाप्नुपर्छ, छापेको पुस्तक पनि व्याकरणसम्बन्धी भरमार गल्तीले भरिएको छ इत्यादि कुरा लेखी कान्तिपुरकै 'नेपाल' साप्ताहिकमा विसं. २०७६ मा मैले लेखेँ । तर, अहिले फेरि बंगलादेशी दूतावासलाई रिझाउन त्यस्तै अर्को किताब प्रज्ञा–प्रतिष्ठानबाट उनले छपाए ।

विद्याको तह कतिसम्म घटेको छ भन्ने कुराको दृष्टान्तका लागि भर्खरैको कुरा भन्छु । गएको माघ महिनामा राष्ट्रिय संग्रहालय, छाउनीको बयासीऔँ स्थापना दिवसको अवसरमा त्यहाँ रहेका कलाकृतिको सूचीपत्रको चारौँ भाग अंग्रेजी–नेपाली दुवै भाषामा अलग–अलग छापियो । त्यस सूचीपत्रमा विषयवस्तुको प्रस्तुतीकरण र भाषामा मनग्य आलोचना गर्न

सकिन्छ। साँच्चै भन्ने हो भने, दुवै भाषाका संस्करणमा व्याकरणसम्बन्धी गल्ती भेट्टाउन गाह्रो पर्दैन। त्यस्तै, गएको फागुन २९ गते बाबुराम आचार्यको जन्मदिनको अवसरमा प्रज्ञा–प्रतिष्ठानमा आयोजना गरिएको सभामा पेस गरिएको कार्यपत्र हेर्दा खाली झाराटराइ गर्न कुनै शोधखोज नगरी लेखिएको, अशुद्धिबहुल लेख भनी त्यसलाई ठाडै भन्न सकिन्छ।

संशोधन–मण्डलको अनुसन्धान कार्य अहिलेसम्म पनि चलिरहेकोले 'इतिहासमा कुनै बेला संशोधन–मण्डल थियो' भन्ने अवस्था अझ आइसकेको छैन। अहिले पनि विश्वविद्यालय, प्रज्ञा–प्रतिष्ठान र पुरातत्त्व विभागको कामको तहभन्दा हाम्रो काम माथिल्लो तहको छ। 'कुनै बेला संशोधन–मण्डल थियो' भन्ने अवस्था केही वर्ष अझै आउँदैन, ढुक्क हुनुहोस् ।

**इतिहासका एउटै पात्र कुनै इतिहासकारको किताबमा नायक भएर देखा पर्छन् त कसैकोमा खलनायक। यस्तो किन हुन्छ? इतिहास लेखनमा किन दैवी र दानवीकरण हुन्छ? पढ्नेले चाहिँ कसले लेखेको पत्याउनु? कसले लेखेको नपत्याउनु?**

नायक को हो र प्रतिनायक अर्थात् आजभोलिको भाषामा खलनायक को हो भन्ने कुरा कति अर्थमा सोचाइमा भर पर्छ, कति अर्थमा अज्ञानमा। पृथ्वीनारायण शाहको प्रयासबाट वर्तमान नेपाल राष्ट्रको गठन भएकाले नेपालले समेटेको वर्तमान भूभागलाई अक्षुण राख्न खोज्नेको दृष्टिमा उनी नायक ठहरिन्छन् त राज्य जोड्न उनले गरेका हथकण्डातर्फ औँला ठडयाउनेहरूको दृष्टिमा उनी प्रतिनायक हुन्। उनलाई प्रतिनायक ठह्र्याउनेहरूले कतिसम्म ध्यान दिनुपर्छ भने राज्यको गठन गर्न त्यस ताका अरू भूभागमा गरिनेभन्दा पनि अझ तल ओर्लेर पृथ्वीनारायणले क्रूरता गरे कि गरेनन् भन्नेतर्फ।

अर्को, अवसरवादले प्रेरित भई जानाजान कसैलाई नायक बनाउने प्रक्रिया। पञ्चायती शासन थियो। पृथ्वीनारायण शाह मात्र होइन, उनका वंशधर सबै राजाहरू एकसेएक देखाउने लहर चल्दा चित्तरञ्जन नेपालीले पृथ्वीनारायणका नाति रणबहादुरलाई पनि इतिहासको अपव्याख्या गरी नायक बनाइदिए ('श्री ५ रणबहादुर शाह', पहिलो संस्करण २०२०, काठमाडौं, मेरी राजभण्डारी)। कामुकताले वशीभूत भई विधवा ब्राह्मणीसँग विवाह गरी जन्मेको छोरालाई आफ्नी सवर्ण रानीबाट जन्मेका दुई दुई जना छोराको हक खोसेर राजा बनाउनुलाई 'रणबहादुर एक सुधारक र प्रगतिशील विचारधाराका व्यक्ति थिए भन्ने कुरा उनले उठाएको जाति विरोधी कार्य एवं धार्मिक बन्धनको तोडमोडबाट थाहा हुन्छ। प्राचीन परम्परालाई तोड्न सक्नु निश्चय पनि असाधारण गुण हो' भनी चित्तरञ्जनले व्याख्या गरे । यस विषयमा संशोधन–मण्डलले र खुद मैले लामै लेखिसकेकोले फेरि दोह्र्याउनु जरुरत छैन । खाली विसं. २०२१ मा संशोधन–मण्डलबाट 'चित्तरञ्जन नेपालीजी प्रकारान्तरले राणाशासनको प्रशंसा त गर्नुहुन्न' भन्ने शीर्षक भएको 'सावधान–पत्र' १३ सङ्ख्या र विसं. २०७१–१२–१५–१ मा 'राजधानी' दैनिकमा छापिएको मेरो 'इतिहासको अपव्याख्याको कडी– चित्तरञ्जन नेपालीको नजरमा रणबहादुर शाह र भीमसेन थापा' हेर्नुभए पुग्छ।

फेरि अर्को गजबको कुरा छ, अंग्रेजसँगको लडाइँमा जजसले अंग्रेजलाई हराए, तिनीहरूको चर्चा छैन, तिनीहरू राष्ट्रिय विभूतिमा पनि दरिएका छैनन्, जजसले अंग्रेजसँग हारे, उनीहरूको महिमा झन्झन् चुलिँदो छ। यस विषयमा विसं. २००७ मै नयराज पन्तको 'अन्धो कल्लाई भन्ने?' लेख 'पुरुषार्थ' मासिक पत्रिकामा छापिएको थियो। पछि मैले विसं. २०३६ मा 'के राष्ट्रिय विभूतिको छनोट ठीक छ त?' भन्ने शीर्षकमा साप्ताहिक 'नेपाल पोस्ट' मा लामो लेख लेखेँ।

हालै काभ्रेमा बलभद्र कुँवरको सालिकको उद्घाटन गरियो। बलभद्र कुँवर त अंग्रेजसँग हारेका थिए। हारेपछि उनको यहाँ काम भएन। उनी मात्र होइन, उनका मामाहरू अर्थात् बूढाकाजी अमरसिंह थापाका छोराहरू पञ्जाबका राजा रणजित सिंहको सेनामा भर्ती हुन गए। उतै नौसेराको लडाइँमा बलभद्र कुँवरले वीरगति पाए। पृथ्वीनारायण शाहको पालाभन्दा अगाडिदेखि नै गोरखालीहरूमा लडाकुपनाको विकास भएको थियो। त्यही विकासको प्रतिफल हिमवत्खण्डमा गोरखाली साम्राज्यको गठन भयो। लडाइँमा हारेपछि ती आयुधजीवीहरू भरौटे सैनिकको हैसियतले परदेशी सेनामा भर्ती हुन पुगे। आफूले हराएका गोरखाली सेनापतिहरूलाई चलाखी गरेर अंग्रेजले 'हिरो' का रूपमा उभ्याइदिए । त्यस्ता 'हिरो' लाई पनि हराउने भनी प्रकारान्तरले अंग्रेजको महिमा बढयो। यसको मतलब के हो भने, हामी अझै विदेशी नजरले हाम्रो इतिहासको परख गरिरहेका छौं। अर्को शब्दमा भन्ने हो भने हामीले आफ्नो देशको इतिहासको विश्लेषण गर्ने ठेक्का विदेशीलाई दिएका छौं।

हनुमानढोका दरबार संग्रहालय
हनुमानढोका

# हनूमान्ढोकादरबार मनमोहनचोकको दलानको शिलापट्ट र त्यहाँका शिलामूर्ति

नेपाल सरकार

**ऐतिहासिक आख्यान विषय संसारभरि नै लोकप्रिय छ। नेपालमा पनि यस्तो आख्यान व्यापक पढिने गरेको छ। ऐतिहासिक आख्यानका सीमा के–के हुन्?**

सबभन्दा पहिले मलाई 'आख्यान' शब्दमै आपत्ति छ। केही वर्षअधिसम्म हामी 'उपन्यास' भन्दै थियौँ, आज त्यस्तै वा त्यस्तै खालको रचनालाई हामी 'आख्यान' शब्दले चिनाउन लाग्यौँ। हाम्रो प्राचीन पद्धतिअनुसार, यो विधा 'आख्यायिका' र 'कथा' २ भागमा बाँडिएको छ।

मोटामोटी हिसाबले भन्दा, 'आख्यायिका'लाई सत्य घटनाको आधारमा लेखिएको उपन्यास र 'कथा'लाई कल्पनामय उपन्यास भन्न सकिन्छ । यसैले सातौँ शताब्दीका बाण भट्टले कल्पनामय ढङ्गले लेखेको 'कादम्बरी'लाई 'कथा'को आदर्श रूप र उत्तरभारतका त्यही समयका राजा हर्षवर्धनको चरित अर्थात् आजभोलिको भाषामा जीवनीको आधार लिई उनै बाण भट्टले लेखेको 'हर्षचरित'लाई 'आख्यायिका'को आदर्श रूप मान्ने चलन छ । भारतवर्षमा अंग्रेजी 'नोभेल' को प्रचार भएपछि मराठी भाषामा 'नोभेल' लाई वाण भट्टको आख्यायिका 'कादम्बरी' को नाउँमा 'कादम्बरी' भन्ने चलन चल्यो। बंगाली हिन्दी आदि भाषामा त्यस्तै गल्पलाई 'उपन्यास' भन्न थालियो। हामीले पनि त्यही सिको गरेर 'उपन्यास' भन्न थाल्यौँ।

ऐतिहासिक उपन्यास लेख्न बस्दा अस्थिपञ्जर त इतिहाससम्मत नै हुनुपर्छ, त्यो मिलेन भने त्यसको विश्वसनीयता गुम्छ, त्यसले खाली अल्पशिक्षितको मनोरञ्जनसम्म गर्न सक्ला। हुन त यहाँ 'सेतो बाघ' ऐतिहासिक उपन्यास भनी कहलिएकाले त्यसको निकै वाहवाही छ। तर, त्यसको ऐतिहासिक आधार निकै फितलो छ भनी नयराज पन्तले लामो लेख लेखेको सम्झना यस प्रसंगमा हुन्छ ('रूपरेखा' १५७ पूर्णांक, २०३१, ९–४० पृ.)।

**नेपालमा समकालीन बौद्धिक सिर्जना र स्वयं बुद्धिजीवीहरूको अवस्था कस्तो छ? बुद्धिजीवीहरूको अवमूल्यन भएजस्तो लाग्दैन?**

हामीकहाँ बौद्धिक/बुद्धिजीवी नभएका होइनन् तर बौद्धिकता/बुद्धिजीवित्वमा टिकिरहनेचाहिँ ज्यादै कम छन्। त्यसको मुख्य कारण फलको आशा नगरी वर्षौं काम गर्न सक्ने आँट नहुनु हो । जसको हातमा शासन छ, त्यसले बुद्धिजीवीलाई मन पराउने प्रश्नै उठ्दैन। बाहिरचाहिँ कस्तो छ भने बुद्धिजीवीको काम शासकलाई अप्रिय भए पनि सरकारी दबाब नपर्ने, अरू 'इस्टयाब्लिस्मेन्ट' ले उसलाई बचाउँछन्। हुन त यहाँ पनि त्यस्ता संस्था नभएका होइनन् तर तिनीहरू सिद्धान्तत: 'स्वायत्त' भए पनि व्यवहारत: सरकारकै कृपाकांक्षी हुन्छन्। त्यस्ता संस्थाको खर्च पश्चिममा पनि सरकारी पैसाबाटै चल्छ तर त्यहाँ प्रजातन्त्रको सुदीर्घ परम्परा भएकाले विद्रोही बुद्धिजीवीलाई सहजै दमन गर्न सकिँदैन। सरकारी पैसाले चल्ने, स्वायत्त कहलिएका संस्था पनि यहाँ भने सरकारकै कृपाकांक्षी भएको देखिन्छ ।

त्यति मात्र कहाँ हो र, ठुल्ठूला व्यापारी र उद्योगी भनाउँदा पनि सरकारी निगाह पाउन लालायित देखिन्छन्। यस्तो विषम परिस्थितिमा यहाँ सच्चा बुद्धिजीवीत्व कायम राख्न निकै गाह्रो छ। यसैले कुनै न कुनै अवस्थामा शासनसँग सन्धि गरेर कुनै बेलाका उत्कट बुद्धिजीवीले जीवनयापन गरिरहेका उदाहरण बग्रेल्ती नपाइने होइनन्। सरकारलाई बेवास्ता गरी हिँडिरहेका बुद्धिजीवीमध्ये केहीले वाममार्गी र केहीले दक्षिणमार्गी दातृराष्ट्रबाट लाभ उठाएको पनि नदेखिएको होइन। यस्तो अवस्थामा नेपालमा विशुद्ध बुद्धिजीवीत्व कायम राख्ने हो भने धनसम्पत्तिको लालसा नराखी सीमित आयको भरमा बाँच्ने कलाको अभ्यास गर्नुबाहेक अर्को विकल्प छैनजस्तो मलाई लाग्छ। तर यो कठिन काम हो, यसैले नेपालमा सच्चा बुद्धिजीवी भई बाँच्न लरतरो मानिसले सक्दैन, उसले कुनै न कुनै दानपतिसँग नझुकी काम चलाउन गाह्रो छ।

यसकारण अरब मूलका विचारक एड्वर्ड वादी सइदले गरेको बुद्धिजीवीको यस्तो परिभाषा हाम्रा बुद्धिजीवीमा हतपत्ति लाग्दैन, 'आलोचित हुनका लागि र कडा आलोचनाका लागि कुनै पनि खालको लौकिक सत्तालाई ज्यादै ठूलो र प्रभावशाली नठान्ने, साँचो बोल्न सक्ने, आँटिलो र क्रूद्ध मानिस 'इन्टेलेक्चुअल' हो। त्यस कारण वास्तव वा सच्चा 'इन्टेलेक्चुअल' आफैंले आफूलाई लादेको निकालावासमा बाँच्दै र समाजको पुछारमा रहँदै सधैं बाहिरिया भएर रहन्छ ! ऊ सर्वसाधारणसँग र सर्वसाधारणको पक्षमा बोल्छ तथा अपरिहार्यत: खुला रूपले बोल्छ ! ऊ अधिकार नभएकाहरूको, बोलिदिने मान्छे नभएकाहरूको र बिर्सिएकाहरूको पक्षमा ठीकसँग लागिपर्छ ।'

उल्टो, 'जनताको बौद्धिक' भनी हामीकहाँ कहलिएकामध्ये धेरैजसोको पश्चिमसँग गहिरो सम्बन्ध भएकाले 'बुद्धिजीवी' को पर्याय 'पश्चिमको आशीर्वाद पाएको मानिस' त होइन भन्ने भ्रम पर्न जान्छ। तिनीहरूमध्ये धेरैजसोले आफ्ना बाबुबाजेहरूको भन्दा विलासी जीवन बिताइरहेकाले तिनीहरूको आयस्रोत खोज्दै जाँदा भित्र–बाहिर कहाँसम्म पुगिन्छ, भन्न सकिन्न। हो, तिनीहरू चिन्तकै हुन्, यसमा शंका छैन ! कुन तहका भने, हाम्रो यतातिर चल्दै आएको, मूलधारको शिक्षापद्धतिबाट जुन तहका चिन्तक जन्मन्छन्, त्यही तहका अर्थात् मझौला खालका। यी सबै, कामशास्त्रको भाषामा 'नागरक' हुन् र वाणी–विलासमा रमाइरहेका मात्र हुन् ।

*(शनिबार प्रकाशन हुने कान्तिपुरको पि्रन्ट संस्करण 'शनिबार विशेष'बाट ।)*

प्रकाशित : चैत्र १३, २०७७ १९:३९